मितिः २०६८/८/९ गते

## कार्यक्रमःसम्मानीय प्रधानमन्त्रीज्यूबाट महिला हिंसा विरूद्धको १६ दिवशीय अभियान उद्‌घाटन एवं घर शान्ति नै विश्व शान्तिको आधार विशयक विचार गोष्ठी

आज मिति २०६८/८/९ गते,महिला आयोगद्वारा लैङ्गिक हिंसा विरूद्धको १६ दिवशीय अभियान अन्तर्गत विचार गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू अतिथिहरू र पत्रकारहरूको उल्लेखनीय उपस्थिति थियो।

सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन संगसगै कार्यक्रमको सुरूवात भएको थियो । कार्यक्रमको पहिलो चरणमा आसन ग्रहणको कार्यक्रम राखिएको थियो जहाँ विभिन्न महानुभावहरू, अतिथिहरूको परिचय दिदैं मञ्चमा आसन ग्रहण गराइयो । आसन ग्रहणपछि, महिला आयोगका सचिव डा. बद्रि पोखेलले कार्यक्रममा उपस्थित सबै सहभागिहरू,विशेष अतिथिहरूलाई स्वागत गरी,कार्यक्रमको उद्देश्यबारे प्रकाश पादै, यो १६ दिने लैङ्गिक हिंसा विरूद्धको ना विचार व्यक्तफअभियान महिला हिंसाको अन्त्य गर्ने उद्देश्यले मनाउ लागिएको भन्दै आ गर्नुभयो।





सम्माननीय प्रधानमन्त्रीज्यूले १६ दिनसम्म निरन्तर बलिरहने दीप प्रज्वलन गरी कार्यक्रमको समुद्‌घाटन गर्नुभएको थियो। त्यसपछि उहांले रा.म.आ. को महिला र वातावरण अभियान वर्षको समुदघाटन साथै महिला आत्महत्या विषयमा UNFPA / DFID ले तयार पारेको अध्ययन प्रतिवेदन को विमोचन गर्नुभयो । त्यसैगरी, माननीय महिला बालबालिका तथा समाज कल्याण मन्त्री दान बहादुर चौधरी कुर्मीज्यूबाट आयोगको चौमासिक खबर पत्र वर्ष १,अकं १ को विमोचन भयो।





कार्यत्रमममा DFID का प्रमुख Mr.Dominic o'Neill, ले विमोचित अध्ययन प्रतिवेदनबारे समीक्षा गर्दै, आत्महत्या नेपालका गर्भवती महिलाहरूको मृत्युको तेस्रो प्रमुख कारण रहेको कुरा बताउनुभयो । कार्यक्रममा बोल्दै ओरक का संस्थापक अध्यक्ष डा.रेणु राज भण्डारी ले १६ दिने लैङ्गिक हिंसा विरूद्धको अभियान मनाउनुको औचित्य बारे प्रकास पार्नु भएको थियो । ना भनाइमा राष्ट्रिय महिला आयोगलाई एक संवैधानिक निकाय बनाउनुपर्छ भन्नेफ्उहाँले आ नो मन्तव्यहरू राख्ने क्रममाफ्कुरामा जोड दिनुभएको थियो । त्यसैगरी कार्यत्रमममा आ महिला अधिकारकर्मी डा. मीना

आर्चायले, लैङ्गिक हिंसा  हाम्रो संस्कृती मा रहदै आएको र यसमाथि पनि बजारमुखी अर्थतन्त्रले महिला हिंसा थप बढाइरहको कुरा व्यक्त गर्नुभएको थियो । अन्त्यमा बोल्दै उहाँले राज्य संयन्त्रले नेपाल र महिलाको हितको लागि काम गर्नुपर्ने कुरा बताउनुभयो।

सम्माननीय प्रधानमन्त्री डा.बाबुराम भट्टराइले आफनो मन्तवय राख्ने क्रममा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको ठूलो महत्व रहको कुरा व्यक्त गर्नुभयो । उहाँले महिला र पुरूषबीच जैविकीय आधारमा भिन्नता भएपनि आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रूपमा महिलामाथि हुने विभेद कसैका लागि पनि स्वीकार्य नहुने बताउनुभयो । नेपालमा महिला अधिकारका निमित्त कानूनहरू बनेतापनि यसलाई कार्यान्वयन गराउनेतर्फ राज्य र यस क्षेत्रमा काम गर्ने सबै निकायको ध्यान जानुपर्ने आवश्यकता औंल्याउनुभयो । अन्त्यमा उहाँले नयाँ संविधानमार्फत राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकाय र स्वतन्त्र आयोगका रूपमा स्थापना गर्नेतर्फ सबैको जोड हुनुपर्ने आवश्यकता औंल्याउदै, महिला आयोगलाई संवैधानिक निकाय बनाउन आफनो सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो। UN Resident sf-coordinator Mr. Robert piper ले महिला हिंसा अन्त्य गर्न सरकार र नागरिक समाजको भूमिका महत्वपूर्ण रहको र यस सम्बवन्धी कार्यमा UN ले निरन्तर ना मन्तव्य राख्ने क्रममाफ्साथ दिइरहने कुरा व्यक्त गर्नुभयो । त्यसैगरी आ  राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्याय ले पुरूषप्रधान समाज महिला हितको निमित्त बाधकको रूपमा रहेको र महिला विरूद्ध हिंसा गर्ने व्यक्तिलाई कडा भन्दा कडा सजाय दिनुपर्ने राय व्यक्त गर्नुभयो।





कार्यक्रमको अन्त्यमा, रा.म.आ. का सदस्य मोहना अन्सारीले महिला हिंसा अन्त्य गर्ने सन्दर्भमा  action oriented हनुपर्ने करामा जोड दिनुभयो । उहाँले आयोगका सचिव डा. बद्रि पोखेलको कुरामा सहमति जनाइ आयोगलाई नै एउटा भवन र पुनर्स्थापना केन्द्रको अति नै खाँचो रहको कुरा व्यक्त गर्नुभयो ।फ्आ आफनो भनाईको अन्त्यमा उहाँले राष्ट्रिय महिला आयोग निरन्तररूपमा महिलाको हक हितको संरक्षणको निमित्त ३६५ दिन नै तत्पर रहने भन्दै कार्यक्रममा उपस्थित सबै सहभागिहरूलाई कार्यक्रममा पाल्नुभएकोमा धन्यवाद ज्ञापन गर्नु भएको थियो।

अन्तिममा, रा.म.आ का अध्यक्ष चाँदतारा कुमारी ले नेपालमा परिवर्तनका खाँचो रहेको र महिला हिंसाको अन्त्य गर्न नयाँ सोच, नयाँ परिवर्तनको आवश्यकता रहेको उल्लेख गर्दै महिलाको कुनै पनि किसिमको विकाशको लागि राष्ट्रिय महिला आयोग सदैव तयार रहने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो।